# जुनीचाँदे गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६

## प्रस्तावना

जुनीचाँदे गाउँपालिकाको आफ्नो प्रादेशिक क्षेत्र भित्र आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्ने प्रमुख जिम्मेवारी भएकोले पर्याप्त कानूनी व्यवस्था गरी संविधान प्रद्धत अधिकारको प्रयोग गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ तथा अनुसूची ८ को सूची नं ९ र १० ले दिएको अधिकार प्रयोग गर्न जन स्वास्थ्य ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम जुनीचाँदे गाउँपालिका गाउँसभाले यो **जुनीचाँदे गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई समबन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७६** बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई जुनीचाँदे गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ भनिनेछ ।

(ख) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा**

(क) "ऐन" भन्नाले जुनीचाँदे गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ लाई सम्झनुपर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले जुनीचाँदे गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "सरकारी वा सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएको स्वास्थ्य संस्थालाई सम्झनुपर्छ ।

(च) "सहकारी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सहकारीद्धारा सञ्चालित सहकारी स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(छ) "निजि स्वास्थ्य संस्था" भन्नाले सेवाको सँगसँगै नाफा कमाउने उद्देश्य निजि क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(ज) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनुपर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ६ अन्तरगत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ञ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति सम्झनुपर्छ ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाइ एवं गाउँपालिकाबाट स्वीकृति प्राप्त सहकारी, निजि ट्रष्ट समेतबाट सञ्चालित स्वास्थ्य संस्थालाई सम्झनुपर्छ ।

(ठ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनुपर्छ ।

प्रमाणीकरण गर्नेको
नामः कृष्ण बहादुर के सी
पदः गाउँ सभा अध्यक्ष
मितिः २०७६।०३।१२
पृष्ठ संख्याः ८

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा प्रदाय र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः**

गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायक ४ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिक सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाइ, प्राकृतिक चिकित्सा केन्द्र, व्याम केन्द्र, आयुर्वेद सेवा केन्द्र, सरकारी वा सामुदायिक स्वास्थ्य प्रदायक निकाय रहनेछन् ।

(ख) निजि क्षेत्रद्धारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, प्रयोगशाला, फार्मेसी, व्याम केन्द्र निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु, व्यायाम केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र, स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य सेवा क्लिनिक यस अन्तरगत पर्दछन ।

(घ) सहकारिताको अवधारणामा सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरु यस अन्तरगत पर्दछन् ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधरभूत मापदण्डः**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड नेपाल कानून तथा कर्णाली प्रदेश कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. गाउँपालिका स्तरीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन, काम कर्तव्य र अधिकार**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन देहाय वमोजिम हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) सामाजिक विकास समिति संयोजक — संयोजक

(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ङ) गाउँसभा सदस्यहरु मध्येबाट एक जना महिला सहित कार्यपालिकाकाले मनोनित गरेको दुई जना — सदस्य

(च) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा कार्यपालिकाले तोकेको एक जना — सदस्य

(छ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येवाट कार्यपालिकाले तोकेको एक जना सदस्य

(ज) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट कार्यपालिकाले तोकेको एकजना सदस्य

(झ) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुख सदस्य सचिव

समितिको वैठक स्वास्थ्य सेवा संग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, निजि स्वास्थ्य सेवा प्रदायक संस्थाको सञ्चालक तथा अन्य सम्बन्धित सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(२) गाउँपालिका स्तरीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) गाउँपालिका भित्रका स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीति, योजना तथा कार्यक्रम निर्माण सम्वन्धी कार्यमा गाउँपालिकालाई सहयोग गर्ने ।

(ख) स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान लगायतको सहयोग गर्ने ।

(ग) स्वास्थ्य संस्थाहरुको अनुगमन, सुपरीवेक्षण, निर्देशन र रेखदेख गर्ने गराउने ।

(घ) आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने।

## ६. स्वास्थ्य संस्था व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) प्रत्येक स्वास्थ्य संस्थाहरुमा देहाय वमोजिमको व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| | गाउँपालिका अध्यक्ष | संरक्षक |
| १ | सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य | संयोजक |
| २ | समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरु मध्येबाट एक जना महिला | सह संयोजक |
| ३ | स्वास्थ्य संस्था रहेको क्षेत्रको उच्चतम तहको विद्यालयका प्रधानाध्यापक मध्येवाट समितिले मनोनित गरेको एक जना | सदस्य |
| ४ | सम्बन्धित वडाको व्यापार संघको प्रतिनिधि वा व्यापारीहरु मध्येबाट एक जना | सदस्य |
| ५ | सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट एक जना | सदस्य |
| ६ | सम्बन्धित वडा सचिव | सदस्य |
| ७ | सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव |

समितिको वैठकमा अनिवार्य रुपमा दलित, जनजाती, अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, किशोरकिशोरीहरु र निजि, गैर सरकारी तथा दातृ संस्थाको प्रतिनिधिहरुलाई समेतलाई आवश्यकता अनुसार आन्त्रित रुपमा संलग्न गराउनुपर्नेछ । अस्पतालको हकमा सामाजिक विकास समितिको संयोजक अस्पताल व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार

(क) जन स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु निराकरणको लागि वडा कार्यालय मार्फत सम्बन्धित गाउँपालिकामा पठाउने ।

(ख) स्वास्थ्य संस्थावाट सञ्चालन गर्न सकिने वार्षिक योजना कार्यक्रम बनाई वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने र आवधिक समिक्षा, अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण गर्ने गराउने।

(ग) महामारी नियन्त्रण, विपद् व्यवस्थापन स्वास्थ्य शिविर सञ्चालन, जुनसुकै तहको स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालनमा सहभागी भई सहयोग गर्ने ।

(घ) स्वास्थ्य संस्थाको भौतिक सम्पति संरक्षण र नियमिति मर्मत सम्भार गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधी, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता र नियमिता, सुशासनको सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहको गुणस्तरीयता र वञ्चित समुदायको सेवा पहुँच सुनिश्चितताको लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

(३) समितिको वैठक सम्बन्धी कार्यविधिः

(क) समितिको वैठकले समितिका थप सदस्यहरुको मनोनित गर्नेछ ।

(ख) समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ।

(ग) निर्वाचित पदाधिकारीहरुको हकमा नियमिति पदावधि समाप्त भएपछी स्वतः मृत्यु भएमा, राजिनामा दिई स्वीकृत भएमा, फौजदारी अभियोग लागेमा लगातार तीन वटा वैठकमा विना सूचना अनुपस्थित भएमा पद रिक्त हुनेछ ।

(घ) समितिको वैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा वस्नेछ, अध्यक्षता अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ र दुवै अनुपस्थितिमा उमेरमा सवैभन्दा ज्येष्ठ सदस्यले गर्नेछ ।

(ङ) समितिको बैठक कम्तिमा महिनाको एक पटक वस्नेछ ।

(च) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

**७. बैक खाता सञ्चालनः**

(१) प्रत्येक स्वास्थ्य संस्थाको नाममा गाउँपालिकाको सिफारिसबाट एउटा वैक खाता खोली समिति अध्यक्ष र सचिव संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ र गाउँपालिकाले तोके वमोजिम लेखा व्यवस्थापन र लेखापरीक्षण गरिनेछ । तर सचिव स्थायी नभएमा स्वास्थ्य संस्थाको अन्य स्थायी कर्मचारीको दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) अस्पतालः गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैया सम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ र यसको लागि आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड र निर्णय गाउँ कार्यपालिका गर्न सक्नेछ ।

(२) सामुदायिक स्वास्थ्य ईकाइः कार्यपालिकाले आवश्यकता जुनसुकै वडाको आधारभूत स्वास्थ्य सेवाको प्राप्तमा कठिनाई भोगेका समुदाय र क्षेत्रमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी सञ्चालन गर्न सकिने साथै कार्यपालिकाको निर्णयबाट स्वास्थ्य सेवा सञ्चालन वा प्रवाह वा प्रदान वा दिने निर्णय भएकोमा सोलाई समेत सामुदायिक स्वास्थ्य ईकाइ स्थापना तथा सञ्चालन गरिएको, दरवन्दी स्वीकृत भएको सम्झनुपर्छ ।

(क) सामुदायिक स्वास्थ्य ईकाइ समायोजन वा विघटन गर्न सकिनेः सामुदायिक स्वास्थ्य ईकाइ आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनका लागि स्थापना गरिने भएकोले संघ वा प्रदेश सरकारबाट सोहो प्रकृतिको वा सो भन्दा उत्कृष्ट सेवा प्रदान गर्ने निकाय संस्था वा संगठन स्थापना वा सञ्चालन भएमा यो ऐन अन्तरगत वा यस अघि स्थापना भएका सामुदायिक स्वास्थ्य ईकाइहरु

कार्यपालिकाले समायोजन, एकिकरण, अन्तर वडा वडा भित्र नै स्थान्तरण र विघटन गर्न सक्ने र त्यस्ता संस्थामा कार्यरत कर्मचारीहरको कर्मचारी व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतले गर्नु गराउनुपर्नेछ ।

(ख) जनशक्तिः स्वास्थ्य सेवा हेल्थ ईन्स्पेक्सन समूहको हेल्थ असिस्टेन्ट पाँचौं वा अहेव चौथो एकजना, स्वास्थ्य सेवा नर्सिङ समूह कम्युनिटी नर्सिङ उपसमूहको स्टाफ नर्स पाँचौ वा अ.न.मी चौथो एक जना र कार्यालय सहयोगी प्रशासन सेवा सामान्य प्रशासन समूह श्रेणी विहिन प्रथम स्तर एकजना ।

(३) आयुर्वेद स्वास्थ्य सेवा केन्द्रः यो ऐन जारी भएपछी गाउँपालिकामा स्वास्थ्य सेवा जनरल आयुर्वेद समूह आयुर्वेद उपसमू सहायक पाँचौ र चौथो प्रशासन सेवा सामान्य प्रशासन समूह श्रेणी विहिन प्रथम स्तर कार्यालय सहयोगी एकजना जनशक्ति सहितको आयुर्वेद स्वास्थ्य सेवा केन्द्र स्वत स्थापना भएको मानिनेछ र सेवा सञ्चालन गर्नुपर्नेछ ।

(४) आँखा उपचार सेवा केन्द्रः एक जना नेत्र सहायकको व्यक्ति करार सेवा लिई गाउँपालिकाबाट सामान्य आँखा उपचार प्रदान गरिनेछ ।

९. **निजि क्षेत्र, लोककल्याणकारी ट्रष्ट वा संस्थाले अस्पताल/पोलिक्लिनिक/प्रयोगशाला/ल्याबोरेटोरी/फार्मेसी/स्वास्थ्य क्लिनिक सञ्चालन गर्न सक्ने ।**

(१) गाउँपालिकाकले आफ्नो कार्यक्षेत्र भित्र निजि क्षेत्र, लोककल्याणकारी ट्रष्ट वा संस्थाद्धारा अस्पताल/पोलिक्लिनिक/प्रयोगशाला/ल्याबोरेटोरी/फार्मेसी सञ्चालन गर्न चाहेमा १५ शैया सम्म अस्पताल सहित पोलिक्लिनिक/प्रयोगशाला/ल्याबोरेटोरी/फार्मेसी/स्वास्थ्य क्लिनिक सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१०. **अनिवार्य सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने ।**

निजि क्षेत्र, लोककल्याणकारी ट्रष्ट वा संस्था मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले उपचारको क्रममा लाग्ने शुल्कमा सेवाग्राहीलाई गाउँपालिकाको सिफारिसमा कम्तिमा १५ प्रतिशत छुट वा सहुलियतको व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वयंसेवा सम्बन्धी व्यवस्था

११. **स्वास्थ्यकर्मी व्यवस्थापनः** गाउँपालिका क्षेत्रभित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि चार प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् ।

(१) स्थायः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करारः गाउँपालिका मार्फत व्यक्ति करार गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृतिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका सम्बन्धी व्यवस्थाः

स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य स्वयंसेवक र स्वयंसेविका खटाउन सक्नेछ यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. स्वास्थ्यकर्मीको सेवा सुविधा**

(१) करार/अभ्यासकर्ता/अभियानकर्ता/स्वयंसेवक सेवा सुविधाः गाउँ सभा वा कार्यापालिकाको निर्णय वमोजिम हुनेछ ।

**१३. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति**

सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(१) रिक्त स्थायी दरवन्दी, यस ऐनद्धारा सिर्जित दरवन्दी तथा जुनसुकै स्रोत तथा तहबाट अनुदान वा कार्यक्रम मार्फत सिर्जित पदमा व्यक्ति करार गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी | संयोजक |
| (ख) | गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुख | सदस्य |
| (ग) | सामान्य प्रशासन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी | सदस्य सचिव |

१४. **छनौटको विधिः** यो ऐन जारी भएपछी पहिलो पटक व्यक्ति करार गर्नुपर्ने भएमा अन्तरवार्ताको माध्यम र त्यसपछी हकमा अन्तरवार्ता वा लिखित वा दुवै वा संक्षिप्त सूची वा संक्षिप्त सूची पश्चात अन्तरवार्ता वा लिखित एवं अन्तरवार्ता परीक्षाको माध्यमबाट व्यक्ति करार गर्न सकिनेछ ।

**१५. कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) स्थायी कर्मचारीहरुको हकमा नेपाल कानून वमोजिम स्वीकृत स्थायी दरवन्दीमा मात्र तोकिए बमोजिम खटाइनेछ । तर स्थायी कर्मचारीलाई कुनै पनि गाउँपालिकाको कुनै प्रकृतिको सेवा प्रदायक संस्थामा काजमा खटाउन वाधा पुऱ्याएको मानिनेछैन ।

(२) स्थायी वाहेकका स्वास्थ्यकर्मीको हकमा स्थायी दरवन्दी नभएको स्वास्थ्य संस्थामा प्रमुख प्रशासकीय अधिकृतले समायोजन, व्यवस्थापन, पदस्थापन, सरुवा तथा काज लगायतका कर्मचारी प्रशासन सम्बन्धी सवै काम गरी करारमा लगाउन सक्नेछ।

**१६. कार्यसम्पादन करार गर्नुपर्नेः**

स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौता प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृतले आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखसँग एक वर्षको सूचक सहित कार्यसम्पादन करार गर्नुपर्नेछ ।

**१७. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

(१) कार्य सम्पादन मूल्याङ्कनवाट गरिनुपर्ने सजाय तथा पुरस्कार सम्वन्धी आवश्यक कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्युनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था

**१८. स्वास्थ्य सेवाको न्युनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था लागू गर्ने सक्ने**

(१) गाउँपालिका आफ्नो क्षेत्रभित्र सञ्चालित स्वास्थ्य सेवाहरुको न्युनतम मूल्य र गुणस्तर तोकिए वमोजिम निर्धारण गरी अनुगमन तथा नियमन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले राष्ट्रिय तथा प्रदेशको नीति वमोजिमका र आवश्यकता अनुसार आफले स्वास्थ्यसँग समबन्धित तोकिएका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**१९. सरसफाई र स्वच्छताका लागि नियमन**

(१) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण, क्षतिपूर्ति तथा सजाय सम्बन्धी गाउँपालिकाले व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोकथा, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने ।**

(१) गाउँपालिका क्षेत्र भित्र महामारी फैलिएमा गाउँपालिकाले सार्वजनिक निकायहरु बन्द गर्न अस्थायी रुपमा वस्ती खाली गर्न, जनशक्ति परिचालन गर्न तथा शोध भर्ना हुने जुनसुकै शीर्षकबाट कार्यपालिकाको निर्णय वमोजिम खर्च गर्न सक्नेछ ।

## परिच्छेद ८

## विपन्न नागरिकलाई औषधी उपचार वापत आर्थिक सहायता सम्बन्धी व्यवस्था

**२१. विपन्न नागरिकलाई औषधी उपचार वापत आर्थिक सहायता दिने**

(१) विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ वमोजिमको कडारोगवाट पीडित भएको भनि सूचीकृत अस्तपालबाट भएको उपचार तथा प्रमाणित समेतको आधारमा विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ वमोजिमको समिति तथा आवश्यकता अनुसार आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुखको सिफारिसमा विपन्न नागरिकहरुलाई वढी मृगौला सम्बन्धी रोगको लागि रु एक लाख वीस हजार र अन्य रोगहरुको हकमा रु एक लाख सूचीकृत अस्पताल तथा विदेशी अस्पतालबाट उपचारको वील भर्पाई पेश भएमा शोधभर्ना वापत नगदै भुक्तानी गरी आर्थिक सहायता दिन सकिनेछ ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**२२. मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) संघीय, प्रदेश कानूनसँग तादाम्य हुने गाउँपालिका भित्र सुर्ती तथा मदिराजन्य पदार्थ विक्री उत्पादन वितरण तथा उपभोगमा नियमन गाउँपालिकाले आवश्यक कानून तथा निर्णय गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद ९

## विविध

**२३. निजि मेडिकल कलेज, अध्ययन संस्थान, ठूला अस्पताल सञ्चालन लागि सिफारिस सम्बन्धी व्यवस्था**

(१) संघीय र प्रदेशको मापदण्ड वमोजिम निजिस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान अस्पताल वा निदान केन्द्र स्थापनका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट तोकिएको राजस्व दस्तुर बुझाई सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको सिफारिस गर्दा वातावरणीय प्रभाव अध्ययन गरी नकरात्मक प्रभाव न्युनीकरणको लागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरिएको हुनेपर्नेछ ।

२४. **नेपाल सरकार तथा प्रदेश सरकारवाट सञ्चालित कार्यक्रम कार्यान्वयनमा गाउँपलिकाले आवश्यक** सघाउ **पुऱ्याउनुपर्नेछ ।**

**२५. गाउँपालिकाले स्वास्थ्य सेवा प्रवाहको लागि कानून वमोजिम जुनसुकै संस्था व्यक्तिवाट वौद्धिक तथा भौतिक सहायता प्राप्त गर्न सक्नेछ ।**

**२६. पुनरावेदन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

**२७. नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ ।

२७. **बाधा अड्काउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा वमोजिम भएको मानिनेछ । तर त्यस्तो आदेश गाउँ सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

२८. **बचाउ र खारेजीः**

(१) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिएको व्यवस्था सोही वमोजिम र नलेखिएको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) संविधान, संघीय तथा प्रदेश कानून सँग बाझिएको हकमा यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

जुनीचाँदे गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ वमोजिम यो ऐन प्रमाणीकरण गर्दछु ।

प्रमाणीकरण गर्नेको
नामः कृष्ण बहादुर के सी
पदः गाउँ सभा अध्यक्ष
मितिः २०७६।०३।१२
पृष्ठ संख्याः ८